महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone : 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


वन तथा वातावरण महानिर्देशनालय ।

पत्र संख्या: २०७५।०७६
च.नं.३४९

मिति: २०७५।१०।१४

विषय: **लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा संशोधन ।**

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
कलैया उपमहानगरपालिकाको कार्यालय,
कलैया, बारा ।

त्यस उप-महानगरपालिकालाई च.नः६१, मिति २०७५।०९।१२ बाट पठाएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन मिति २०७५।१०।०६ को निर्णय अनुसार केही दफाहरु संशोधन भएकोले संशोधित प्रतिवेदन यसै साथ संलग्न गरिएको छ । नियमानुसार असूल फछ्यौंट गर्नुहुन निर्देशानुसार अनुरोध गर्दछु ।

(अजयकुमार सापकोटा)
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री स्थानिय विकास तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ :- प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
बारा :- प्रतिवेदन संलग्न छ ।

# आर्थिक विवरण

स्थानीय निकायको नाम : **कलैया उप महानगरपालिका, वारा ।**

आर्थिक वर्ष: **२०७४।०७५**

| | नाम | कार्यरत अवधि | | बेरुजू रकम |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| कार्यालय प्रमुख: | नि.प्र.प्र.अ.श्री ज्ञानेन्द्र पराजुली | २०७४।४।१ | २०७४।७।३० | ४,४२,०१,२४१.६६ |
| | नि.प्र.प्र.अ.श्री नारायण पाण्डे | २०७४।८।१५ | २०७५।१।३० | |
| | प्र.प्र.अ.श्री टोकराज पाण्डे | २०७५।२।१४ | २०७५।३।३२ | |
| लेखा प्रमुख: | ले.अ.श्री मुस्ताक अन्सारी | २०७४।४।१ | २०७५।३।३२ | |

**परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्धेश्यले उपमहानगरपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो उपमहानगरपालिका अर्न्तगत २७ वडा रहेको, १३७ सभा सदस्य, ३६ कार्यपालिका सदस्य, १०८.९४ व.की.मी.क्षेत्रफल, १ लाख २३ हजार ६ सय ५९ जनसंख्या र प्रदेश नम्वर २ मा अवस्थित छ ।

**स्थानीय संचितकोष -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालीकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | | १ | **चालु खर्च** | ५०३९४१२९७.९४ | |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | ३६१३२५२१५.६२ | |
| | ख) बैंक | १२८२३०७०.२३ | | ३ | **वित्तीय व्यवस्था** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | २३७००५०६.४२ | | | ख) ब्याज | | |
| | ख) राजस्व बाँडफाँड | | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | | | ४ | **लगानी** | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | | ऋण लगानी | | |
| | क)वित्तीय समानीकरण अनुदान | ४६१४३४०००.०० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | २७५३७३०००.०० | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | | | ५ | **धरौटी फिर्ता** | ३३३९५६९.०३ | |
| | घ) विभिन्न अनुदान | १७८२३४०००.०० | | ६ | **को.ले.नि.फि.** | २०८७४०००.०० | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | ७ | **उपदान खर्च** | २३०००००.०० | |
| | क)वित्तीय समानीकरण अनुदान | | | | विगतको आ.व. | | |
| | ख) सशर्त अनुदान | | | | खद्यरकम फिर्ता | ६०६३०.४२ | |
| | ग) समपूरक अनुदान | | | | विषयगत निकासा | ११३८४०००.०० | |
| | घ) विशेष अनुदान | | | | अन्य निकासा | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | लुम्वती | १००००० ०० | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | | सहरी स्वा.क्लिनि. | १३५६०००.०० | |
| | क) ऋण प्राप्ति | | | | ने.रा.मा.वि. | ८००००.०० | |
| | ख) साँवा प्राप्ति | | | | विभिन्न भु.गतवर्ष | ३१४१९१८.०२ | |
| | ग) गा.वि.स.कल्याणकोण | २३६१३१५.०० | | | मौज्दात बाँकी | ९७७५२३८१.६४ | |
| | घ) अन्य प्राप्ति फिर्ता | १२२१६.६० | | | | | |
| ६ | **विभिन्न कोषतर्फको आय** | १३००००.०० | | | | | |
| ८ | **जनसहभागिता नगदनगद)** | ३१९७८०४२.९२ | | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | ० | | | | | |
| १० | **धरौटी आय** | ८६१३२४७.६१ | | | | | |
| ११ | **अन्य विविध आय(बैङ्क आम्दानी)** | ३६१००.०० | | | | | |
| १२ | **कट्टा भएको रकम दा.गर्न बाँकी** | ११८५९५१३.८९ | | | | | |
| | **जम्मा** | १,००,६५,५५,०१२.६७ | | | | **१,००,६५,५५,०१२.६७** | |

**द्रष्टव्य** : वैंक मौज्दात स्टेटमेन्ट वमोजिम रु.८,३६,४७,४२३।०२ भएकोले वैंक र यथार्थ **मौज्दात विच** रु.१,२८,५१,१३६।०२ फरक परको छ। कार्यालयको अनुसार चेक साट्न वाँकी रहेको र हिसाव मिलान विवरण तयार **नभएको उल्लेख छ।**

१

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

वजेट उपशिर्षक - बिभिन्न

स्थानीय निकायको नाम - कलैया उपमहानगरपालिका, बारा ।

आर्थिक बर्ष - २०७४।७५

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्यौटको विवरण |
|---|---|---|---|
| | उल्लेखित आर्थिक कारोबारको स्वीकृत समष्टीगत तथा ईकाइगत लेखापरीक्षण योजना, कार्यालयबाट पेश गरिएको बार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरु, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधारमानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०४८ को दफा ३ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । उल्लेखित लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरुसँग मिति २०७५।०९।११ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरु निम्नानुसार रहेका छन् । | | |
| १. | **खर्च गर्ने अख्तियारी र कार्यविधि** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशाशकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र बजेट सहित प्रचलित कानुन बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । नगरप्रमुखबाट प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिए पनि प्रशासकीय प्रमुखवाट वडामा अख्तियारी प्रदान गरेको पाईएन । खर्च केन्द्र नभएकोले अख्तियारी नदिएको उल्लेख छ । तसर्थ ऐनको व्यवस्थाको पालना गरिनु पर्दछ । | | |
| २. | **वजेट पेश गर्ने तथा पारित गर्ने** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक बर्षको राजस्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । उप महानगरपालिकाको २०७४।७५ को वजेट र कार्यक्रम २०७४।९।२७ गते पारित भएको पाईयो । आर्थिक वर्षको करीव ६ महिना पछि पारित वजेटका कारण कार्यान्वयनमा असर पर्ने भएकोले ऐन वमोजिम वजेट समयमानै पारित गरिनु पर्दछ । | | |
| ३. | **सेवा प्रवाह** - सुशासन ऐन (संचालन र व्यवस्थापन) २०६४ र नियमावली २०६५ बमोजिम राज्य प्रदत्त सेवा जनतालाई उपलब्ध गराउन सेवा प्रवाह वितरण व्यवस्थापन, उत्तरदायित्व वहन प्रकिया व्यवस्थित हुन्छ । उपमहानगरपालिकामा नागरिकता सिफारिस, नाता प्रमाणित, जन्म मृत्यु दर्ता र अन्य कागजात प्रमाणित गरेको उल्लेख गरे तापनि उक्त विवरण उपमहानगरपालिकामा उपलब्ध छैन । उपमहानगरपालिकाका वडाहरुमा उक्त विवरण रहेको उल्लेख भएकोले परिक्षण गर्न सकिएन । सेवा प्रवाह गर्न वडा तहमा प्रत्यायोजन गरेको उल्लेख गरिए पनि जनप्रतिनिधिको उपस्थितिमा रहने सभाले सेवा प्रवाह स्तरमा समय लाग्ने गरेको छ । सेवा प्रवाह निर्वत्र प्राप्त वितरण विचको अभिलेख नराखेबाट थप विश्लेषण गर्न सकिने अवस्था छैन । तसर्थ सेवा स्वास्थ्य बिमा, खानेपानी सहजकर्ता, खानेपानी, नागरीक सचेतना तर्फकार्यक्रम संचालन गरेको देखिदैन । तसर्थ जनतामा आधारभुत आवश्यक्ता सेवा प्रवाहको स्तर र गुणस्तर बढाउनु पर्ने देखिन्छ । | | |
| ४. | **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ बमाजिम स्थानीय तहले आफ्नो कार्यालयबाट | | |

| | | | |
|---|---|---|---|
| | सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानुन वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धि कार्यविधि उपपहानगरपालिकाले तयार नगरेकोले कार्यविधि तयार गरी आन्तरिक नियन्त्रण प्रभावकारी बनाउनु पर्दछ ।<br><br>स्थानीय तहको लेखापरीक्षण परीक्षण सूचिवाट देखिएका व्यहोराहरु यस प्रकार रहेका छन् । बित्तीय विवरणको यथार्थता परीक्षण गर्दा मासिक र वार्षिक प्रतिवेदन तयार गरेको पाइएन भने लेखा शिर्षकको वर्गिकरण गरेको छैन । कार्यालयको आन्तरिक नियन्त्रणको परिक्षण गर्दा आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको, कार्य जिम्मेवारी र जवाफदेहिता स्पष्ट नगरेको पाईयो । बजेट अख्तियारी र कार्यक्रम प्राप्ति तथा योजना तर्जुमाको अवस्थालाई हेर्दा तोकिएको समयमा कुनै पनि क्रियाकलाप भएको पाइएन । यसको साथसाथै समयमा पेश्की फछ्यौंट नगरेको, श्रोत यकिन गरी आन्तरिक आय संकलनको व्यबस्था नमिलाएको, करका लागि उपयुक्त लेखा प्रणाली नराखेको, प्रतिश्पर्धात्मक तरिकावाट ठेक्का आह्वान नगरेको, आन्तरिक आय खातामा दाखिला गर्नुपर्ने रकम समयमा दाखिला नगरेको, योजना हस्तान्तरण तथा खर्चको सार्वजनिक परीक्षण नगरेको, जन्म मृत्यू बिवाह बसाईसराईको अभिलेख नराखेको, सामाजिक सुरक्षा भत्ता पाउनेको अभिलेख MIS सिष्टममा प्रविष्टी नगरेको, ल्याण्ड फिल्ड साईटको दीर्घकालिन व्यबस्थापन र पूर्वाधार निर्माण नभएको, फोहर मैलालाई स्रोत छुट्याई परिमाण कम गर्ने सम्बन्धी जनचेतना अभिबृद्धि कार्यक्रम संचालन नगरेको, फोहर मैला व्यबस्थापन गर्ने कम्पोष्ट बीनहरुको खरिद र वितरण नगरेको पाईयो । त्यसैगरी प्रशासनिक खर्चको सिमा निर्धारण नगरेको, पूँजीगत प्रकृतिका खर्च प्रशासनिक खर्चमा समावेश गरेको, मु.अ.कर भुक्तानीको जानकारी आ.रा.का.लाई नदिएको, राजस्व परामर्श समिति र श्रोत अनुमान तथा वजेट निर्धारण समितिको गठन तथा तिनिहरुको सुझाव कार्यान्वयन नगरेको, राजस्व सम्वन्धी कानून निर्माण नगरेको, कर निर्धारण र गणना कानूनी व्यवस्था बमोजिम नगरेको, साविक स्थानिय निकायको सम्पत्ती प्राप्ति र व्यबस्थापन नगरेको, चल अचल सम्पत्तिको अभिलेख संरक्षणको उचित प्रवन्ध नगरेको, सेवा प्रवाहको अभिलेख नराखेको, सेवाको प्रवाह गुणस्तर, समय र लागत उल्लेख नगरेको, जस्ता कमीकमजोरीहरु देखिएकोले सम्पूर्णमा सुधार गरी आन्तरिक नियन्त्रण प्रभावकारी बनाउनुपर्ने देखिएको छ । | | |
| ५. | **श्रोतअनुमान तथा बजेट सिमा** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाडवाट प्राप्त हुने रकम, अनुदान ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्य समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा, वजेट सिमा निर्धारण, वजेट तथा कार्यकमको प्राथमिकीकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा उक्त समिति गठन भएको एवं सिमा निर्धारण भएको पाइएन । तसर्थ कानुनी व्यवस्थाको पालना गरी स्रोत अनुमान र वजेट सिमा तयार गर्नुपर्दछ । गठन गरी कार्य गरेको उप महानगरपालिकाको भनाई रहेको छ । | | |
| ६. | **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपक्वता मिलाउने व्यवस्था छ । | | |
| ७. | **आन्तरीक ऋण** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम उप-महानगरपालिकाले उत्पादनशिल, रोजगारकमुलक, आन्तरीक आयवृद्धि तथा पुंजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । उप महानगरपालिकाले विगत वर्षको ऋण लिएको रु.१,७२,०३,०६७४९ नगर विकास समितिवाट लिएकोमा साँवा ब्याज भुक्तानी गरेको छैन । विगतको | | |

| | | | |
|---|---|---|---|
| | ऋणहरु समयमानै भुक्तानी गरी व्याज भार हटाउनु पर्दछ । | | |
| ८. | **स्थानीय तथ्याङ्क र अभिलेख** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ बमोजिम नगरपालीकाको आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले स्थानीय तथ्याङ्क सम्बन्धि नीति, कानुन र सोको मापदण्ड बनाएको पाईएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्याङ्कले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि बढाउन आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ उप महानगरपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | | |
| ९. | **लक्ष्य प्रगतिको स्थिति** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन । भौतिक एवं वित्तिय प्रगति छुट्टिने गरी प्रगति विवरण तयार गर्नपर्दछ साथै बजेट नीति कार्यकम उपलब्धि विवरण समेत तयार गरेको छैन । नगरले लेखापरीक्षण कममा आर्थिक प्रगति पेश गरे पनि सम्पुर्ण कार्यकम, बजेट समेट्ने गरी लक्ष्य प्रगति तयार नगर्नु उचित देखिएन । ऐनको पालना गरी प्रगति तयार गर्नुपर्दछ । | | |
| १०. | **बैंक हिसाब** - कार्यालयको खाता हिसाव र बैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यसवर्षको आम्दानी रु.१,००,६५,५५,०१२।६७ र खर्च रु.९०,८८,०२,६३१।०३, बैंक मौज्दात रु.९,७७,५२,३८१।६४, र नगद मौज्दात नरहेको तथा कर दाखिला बाँकी रु.४,७६,६१६।१२, ना.ल.कोष दाखिला बाँकी रु.१,०८,६२६।५० र क.सं.कोष दाखिला बाँकी रु.१३,७५,६१४।४० रहेको छ । कार्यालयले बैंक हिसाब मिलान तयार नगरेकोले हिसाव मिलान विवरण तयार गर्नुपर्दछ । | | |
| ११. | **चौमासिक खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा २%, दोश्रो चौमासिकमा १५% र तेश्रो चौमासिकमा ८३% खर्च गरेको देखिएको छ । यसरीनै आषाढ मसान्तमा ८०% खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकोले सनतुलित खर्च व्यवस्थापन भएको देखिएन । | | |
| १२. | **कर्मचारी व्यवस्था** - निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति रु व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । उप महानगरपालिकामा रहने कर्मचारी दरवन्दी ६७ रहेपनि पदपूर्ति ६७ जनानै रहेको देखियो । २३ जना करारमा राखी कार्य संचालन गरिएको छ । अनावश्यक पद भए खारेज गर्नु पर्नेमा कुनै कारवाही गरेको देखिएन । | | |
| १३. | **वित्तीय जवाफदेहिता पालना** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमिता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । उप महानगरपालिकाले आन्तरिक नियन्त्रण कार्यविधि नवनाएको, वित्तिय विकेन्द्रिकरण नगरेको, गुणस्तर परीक्षण नभएवाट नियमावलीको पालना गरेको देखिएन । तसर्थ जवाफदेहीताको स्तर वृद्धि गरिनु पर्दछ । **वित्तिय जवाफदेहीता सन्र्दभमा महालेखा परीक्षकको बर्षिक योजना २०७५ को अनुसुची १ वमोजिम बित्तिय जवाफदेहीता मुल्याङ्कनमा व्यवस्थापकीय पक्ष १०, बित्तिय व्यवस्थापन पक्ष १३, सेवा प्रवाह १६, र खरिद व्यवस्थापन १६ समेत जम्मा कुल १०० मा ५५ अङ्क प्राप्त गरी (C) श्रेणी देखिएको छ । तसर्थ वित्तिय जवाफदेहिता तर्फ गुणात्मक सुधार गर्न आवश्यक देखिएको छ ।** | | |

| | | | |
|---|---|---|---|
| १४. | **विशेष भत्ता** - नेपाल सरकारबाट स्थानीय निकायमा खटिएका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचलान खर्च पाउने व्यवस्था छ । केन्द्रिय चालु अनुदानबाट चैत्रदेखि अषाढसम्ममा बिभिन्न कर्मचारीलाई विशेष भत्ता रु.२८,९९,०८०। खर्च ( आ.व.२०७५।७६ मा) लेखेको छ । नेपाल सरकारले तोकिएको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा कुन काम कति अतिरिक्त समय कार्य गरी कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता भुक्तानी भएको हो सो समेत खुल्दैन । स्पष्ट आधार एवं कार्यविधि विना तथा नियमावलीमा स्पष्ट उल्लेख गरेभन्दा फरक कार्यमा खर्च लेखेको अनियमित देखिएको छ । | | |
| १५. | **पदाधिकारीको सुविधा** - स्थानिय सरकार संचालन ऐन, २०७४ ले आन्तरिक आयलाई समेत ध्यानमा राखि स्थानिय तहको पदाधिकारीले सुविधा तोक्नसक्ने व्यबस्था छ । कलैया उप-महानगरपालिकाले आर्थिक बर्ष २०७४।०७५ मा स्थानिय तहको पदाधिकारीको भत्ता वापत रु.६५,९०,०००। र पारिश्रमिक वापत रु.१,५२,७२,१७८। समेत कुल रु.२,१८,६२,१७८। खर्च लेखेको पाइयो । कुल आन्तरिक आयको ९२.२४ प्रतिशत पदाधिकारीको परिश्रमिकमा खर्च भएको छ । तसर्थ ऐनको व्यवस्था पालना गरी पारिश्रमिक तथा भत्ता वितरण व्यबस्थित गरिनु पर्दछ । | | |
| १६. | **राजश्व अभिलेख** - आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । नगरपालिकाको आम्दानीमा म.ले.प.फा.नं.१५'क', म.ले.प.फा.नं.१०८ 'क' 'ख' र अन्य प्रचलित कागजात नराखेकोले राख्नुपर्ने देखिन्छ । | | |
| १७. | **सम्पत्ति हस्तान्तरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत: हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | | |
| १८. | **बरबुझारथ** - मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | | |
| १९. | **स्रोत नक्सांकन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | | |
| २०. | **आर्थिक विवरण** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार नगरपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले शिर्षकगत वास्तविक आय र खर्चको स्थिति देखाउदैन जसवाट खर्चको स्थिति समेत मुल्याङ्कन गर्न सकिने स्थिति देखिएन । | | |

| | | | |
|---|---|---|---|
| २१. | **उपभोक्ता समिति** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था रहेको छ । उपभोक्ता समितिबाट कार्यालयले गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्चको सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । | | |
| २२. | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले नीजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारीत उपादान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । कर्मचारी कल्याण कोषको व्यवस्था गरी स्थानीय तहले कार्यालयलाई आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । सभाको निर्णयानुसार भनि यो आर्थिक वर्षमा एकमुष्ट रु.२३,००,०००। आन्तरिक खाताबाट कर्मचारी कल्याण खातामा ल्याएको देखियो । कल्याण कोष रकम जम्मा गरी दीर्घकालीन भार नपर्ने व्यवस्था साथै विकास असर नपर्ने गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | | |
| २३. | **लक्षित समूह खर्च** - स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (७) अनुसार लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमूखि कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा उप-महानगरपालिकाले यस्ता कार्यक्रममा समेत खर्च गरेको देखिएकोले कार्यविधिको परिपालना भएको देखिएन । यस्ता कार्यमा सुधार हुनु पर्दछ । लक्षित वर्गको हित अनुकुल कार्यमा सार्वजनिक खरिद ऐन र नियमावलीले व्यवस्था गरे वमोजिम कार्य गर्नुपर्ने देखिन्छ । | | |
| २४. | **वातावरणीय प्रभाव** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । उप महानगरपालिकाले यो वर्ष वातावरण संरक्षण, नगर र नदी सफाइ कार्यक्रम चलाएको विवरण पेश गरेकोमा वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा नगरक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार नगर र नदी सरसफाई पर्दछन् । यसरी वातावरण सुधार र ढलमा रु.१ करोड ३० लाख बजेट व्यवस्था भएकोमा रु.१ करोड ३० लाख खर्च गरी १००% प्रगति गरेको छ । ढल निर्माणको एकीकृत बहु वर्षे योजना र प्रगती पेश भएन । तसर्थ वातावरण सुधार तर्फ विनियोजित खर्चको उचित प्रयोग गरी वातावरण सुधार गर्नुपर्दछ । | | |
| २५. | **सामाजिक सुरक्षा** - संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पंस. ०७४।०७५, चं नं. १०६४ मिति ०७५।३।३१ पत्रानुसार शसर्त अनुदानको रकम मध्ये खर्च नभई बाँकी रहेमा संघिय संचितकोमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२(६) मा नेपाल सरकारबाट रकम खर्च नभई बाँकी रहेमा फ्रिज गर्ने प्रयोजनका लागि सम्वन्धित निकायमा फिर्ता पठाउनुपर्ने उल्लेख छ । उप-महानगरपालिकाको कार्यालयले यो वर्ष सामाजिक सुरक्षा अर्न्तगत कुल रु.१५,२५,५३,०००। निकासा भएकोमा उप महानगरपालिकाले रु.१,३७,६८०००। निकासा फिर्ता गरी रु.१३,८७,८५,०००। मात्र निकासा जनाएको छ । उक्त वितरण भएको कार्यको परिचय र अभिलेख तयार नगरेको भर्पाइ आधारमा खर्च लेखेको छ । तसर्थ लेखापरीक्षणवाट दिनु पर्ने व्यक्ति, बुझाएको व्यक्ति सम्वन्धी अभिलेख भिडान गर्न सक्ने अवस्था छैन । अभिलेख तयार गरी खर्च लेख्नुपर्दछ । | | |

| | | | |
|---|---|---|---|
| २६. | **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा उप-महानगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । उप-महानगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा केहि व्यवसायीहरुको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । उप-महानगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायीहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा उप-महानगरपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । उप-महानगरपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायरा भित्र ल्याउनु पर्दछ । | | |
| २७. | **सवारी कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा उप-महानगरपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । उप-महानगरपालिकाले सवारीहरुको दर्ता एवं नविकरणबाट यो वर्ष रु.२७,११,१११। असूल गर्ने लक्ष्य राखेकोमा रु.२०,४४,३७५। मात्र असूल भएको छ । उप-महानगरपालिकाले विगतका वर्षहरुमा यातायात व्यवस्था कार्यालय संग समन्वय गरी सवारी दर्ता कर उठाउने गरेको र राजश्व उठेको पाइएन । यातायात व्यवस्था कार्यालय संग अविलम्ब समन्वय गरि हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलिलाई प्रभावकारी बनाउने तर्फसम्वन्धित निकायको ध्यान जानु पर्दछ । | | |
| २८. | **वक्यौता कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ वमोजिम उप-महानगरपालिकाले कर, शुल्क संकलन गर्ने व्यवस्था छ । यस नगरमा व्यवसाय कर, घर वहाल कर बुझाउन २०७४ आषाढमा विभिन्न व्यवसायीलाई दर्ता गर्न ताकेता गरेको पाइयो । लेखापरीक्षणको कममा व्यवसायीले व्यवसाय नविकरण गरेको प्रमाण पेश भएन । उप-महानगरपालिकाले विगत वर्षको आन्तरिक राजस्व कार्यालय वारावाट विवरण प्राप्त गरी वाहाल कर १०% उठाउनु पर्नेमा वाहालकर उठाएको पाइएन । २०७४।७५ मा २,१३,८५,१७३। वहाल कर आन्तरिक राजस्व कार्यालय उठाएकोले उक्त रकम २०७४।७५ उप-महानगरपालिकाले उक्त रकम उठाउन प्रयास नगर्दा रु.२,१३,८५,१७३। राजस्व गुमेकोले समन्वय गरि असुल गर्नुपर्दछ । | | |
| २९. | **सेवा करार** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) मा कार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । त्यस्तै नियम ३ मा एक लाख रुपैयाँभन्दा बढी शुल्क लाग्ने सेवाको करार गर्नुपर्दा निकायले पन्ध्र दिनको सूचना राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गरी प्रक्रियाबमोजिम करार सेवा लिनुपर्ने व्यवस्था छ । उप महानगरपालिकाले २०७४।७५ को लागि भएको भनी मिति २०७४।४।१ मा सम्झौता गरी प्रमुख प्रशासकीय अधिकृतबाट सिफारिस गरी पाँचजना कर्मचारी नियुक्त तथा खर्च लेखेको पाइयो । यसरी नियममा व्यवस्था भए अनुरुपको प्रक्रिया पुरा गरी सेवा करार लिनुपर्नेमा प्रशासकीय अधिकृत बाट सिफरिसको आधारमा २०७४।४।१ बाट लागू हुने गरी करार सेवा गरी यस आ.ब.मा रु.६८,६०,८८०। खर्च गरेको पाइएकोले सो खर्च नियम सम्मत् देखिएन । तसर्थ नियमानुसार करार सम्झौता गरिनु पर्दछ । | | |
| ३०. | **आर्थिक साहायता** - कार्यालयले आन्तरिक पूंजीगत खर्च शीर्षक तथा अन्य शीर्षकबाट खर्चको विल भरपाई राखि संघ संस्था समेत ७५ जनालाई रु.७,७१०००। आर्थिक सहायता स्वरुप भुक्तानी गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ । | | |
| ३१. | **आन्तरिक आय ठेक्का** - सम्झौताको शर्तको विभिन्न बुँदाहरुमा आय ठेक्काबाट प्राप्त रकम सम्झौताको शर्तबमोजिम दाखिला गर्नुपर्ने व्यवस्था छ । सम्झौतामा उल्लेख गरेको र समयमा नबुझाएमा सम्झौता भंग गर्न सक्ने उल्लेख भएको तथा ढिला बुझाएमा के कति | | |

जरिवाना लिने उल्लेख गरेको छैन । सम्झौता अनुसार बुझाउनु पर्ने रु.१,११,२२,२१०। रकम उपमहानपालिकामा प्राप्त भएको नदेखिएकोले उक्त रकम नियमानुसार असुल गर्नुपर्ने रु..

१,११,२२,२१०/-

| ठेक्दारको नाम | ठेगाना (साविक) | ठेक्का स्वीकृत रकम | हाल सम्म प्राप्त रकम | बाँकी रकम |
|---|---|---|---|---|
| कुलदिप कुमार ठाकुर | कलैया ७ | १६५000.00 | ७४२५0.00 | ९0७५0.00 |
| राजेन्द्र प्र.कुशवाह | कलैया १४ | ५५0001.00 | २६७५00.00 | २८२५01.00 |
| पन्नालाल साह | कलैया ८ | १५३५01.00 | ५1000.00 | 10२५01.00 |
| शिवजी प्रसाद यादव | कलैया ११ | ६५७1000.00 | ४९0५९९८.00 | १६६५00२.00 |
| राम पुकार साह | कलैया ११ | 110000.00 | ९1२५0.00 | १८७५0.00 |
| महमद हसन मिया | पुरैनिया ६ | २११७५1.00 | १७५५00.00 | ३६२५1.00 |
| गणेश प्रसाद जैसवाल | कलैया ८ | ३५८५00.00 | १९४२५0.00 | १२४२५0.00 |
| मोतीलाल सा कलवार | कलैया ९ | ७10९५५५.00 | ४८३0000.00 | २२७९५५५.00 |
| रोहित राईस मिल | कलैया १३ | ३01०000.00 | १७0२५0.00 | १३0७५0.00 |
| कृष्ण प्र.कुशवाह | हरिहरपुर ६ | ५७७५000.00 | ४२00000.00 | १५७५000.00 |
| शेर महम्मद अन्सारी | हरिहरपुर ६ | २६३1000.00 | १४३८२00.00 | ११९२८00.00 |
| विन्दा राय यादव | मोतीसर २ | २100000.00 | ५७0000.00 | 1110000.00 |
| मुकेश साह | वसन्तपुर ९ | २८00७६.00 | २२४0६1.00 | ५६01५.00 |
| मो. फिरोज मंसुर | कलैया ३ | २000५५1.00 | १२६010५.00 | ७४0४४६.00 |
| गौरिशंकर यादव | कलैया १ | २५८0६५1.00 | १८७५१६५.00 | ७0५४८६.00 |
| श्रवण साह कलवार | कलैया १ | २५८१६५1.00 | १६८२५00.00 | ८९९१५1.00 |
| कृष्ण प्रसाद जैसवार | कलैया २ | ७1001.00 | २७७५1.00 | ४३२५0.00 |
| सन्तोष कुमार गुप्ता | कलैया ३ | ११७00.00 | ४७00.00 | ७000.00 |
| सन्तोष कुमार गुप्ता | कलैया ३ | ६0001.00 | ३५000.00 | २५001.00 |
| तैयव अन्सारी | | नखुल्ने | ० | ३७७५1.00 |
| जम्मा | | | | १,११,२२,२१०.०० |

३२. **तलवी प्रतिबेदन** - निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले प्रशासन कर्मचारी तलब रु.३,५५,१२,७१२।१४ खर्च लेखेकोमा तलबी प्रतिबेदन पारित गरेको छैन । तलवि प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।

३३. **विद्युतिय लेखा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई सबै उप-महानगरपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । सफ्टवेयरले पेश्कि रकमलाई दोहोरो वजेट खर्च देखाउने, भौचरहरु परिमार्जन गर्न मिल्ने देखिएकोले विद्युतिय प्रणालीमा राखिएको लेखा भरपर्दो देखिएन । नगरपालिकाले सफ्टवेयर प्रयोग गरी स्रेस्ता राखेको पाइएन तसर्थ प्रचलित कानुनको पालना गर्नु पर्दछ ।

३४. **भुक्तानी दिन बाँकी विवरण** - अर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) मा चालु वर्षको वजेटले नखाम्ने गरी खर्च सृजना गर्न नहुने विषेश कारणवश त्यस्तो परिस्थिती आएमा विलभरपाई वमोजिमको रकम आगामी वर्ष भुक्तानी दिनुपर्ने कारण खोली महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई श्रावण १५ गते भित्र कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रक कार्यालयवाट प्रमाणीत गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले आ.व. २०७४।०७५ को विभिन्न खर्च

| | | | |
|---|---|---|---|
| | ७,४१,३०,१३६।२० वापतको भुक्तानी दिन बाँकी रकम मिति ०७५।९।७ बाट रु.२,६६,१६,७८३।९५ भुक्तानी गरेको देखिन्छ । | | |
| ३५. | **योजना र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ ।साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। दीर्घकालीन नीति अवधारणा रणनीति सहितको विकास योजना तयार मध्यकालिन अल्पकालिन योजना तयार गरी कार्यान्वयन गरेको पाइएन। तसर्थ योजनावद्ध विकास गरिनु पर्दछ । | | |
| ३६. | **विमा** - सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ११२ मा रु.१० लाख भन्दा वढिको निर्माण कार्य गर्दा मेशिन, औजार वा प्लाण्ट लगायतको विमा गर्नु पर्ने व्यवस्था छ । उपभोक्ता समिति, ठेकेदारको काममा समेत उप-महानगरपालिकाले विमा गराएको पाईएन । सम्पुर्ण कार्य, मेसिन कामदार र तेस्रो पक्षको बिमा कार्य सम्बन्धमा विमा नगराई गरेवाट संभावित जोखिमवाट सुरक्षा गरेको पाइएन । निर्माण कार्य विमा गराएर मात्र गरिनु पर्दछ । | | |
| ३७. | **लेखापरीक्षण** - आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६(२) मा प्रत्येक कार्यालयले सवै प्रकारका आय व्ययको लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहको आन्तरीक लेखापरीक्षण स्थानीय तहको गठित आन्तरीक लेखापरीक्षण शाखाले गर्ने व्यवस्था छ । ऐनको व्यवस्था वमोजिम उप-महानगरपालिकामा आन्तरीक लेखापरीक्षण शाखामा अधिकृत स्तरको दरवन्दीमा कर्मचारी कार्यरत भएको अवस्थामा समेत आन्तरीक लेखापरीक्षण नगराई कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरीक लेखापरीक्षण गराएको छ । ऐनको व्यवस्था कार्यान्वयन नगरी आन्तरीक लेखापरीक्षण शाखालाई निस्कृय तुल्याइएको तथा कानुनी व्यवस्था पालना भएको छैन । तसर्थ संगठनात्मक संरचनालाई निस्कृय तुल्याउदा श्रोत र साधनको नोक्शानी हुने भएकोले कानुनी व्यवस्थाको कार्यान्वयन गरिनु पर्दछ । | | |
| ३८. | **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्भौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । निर्माण लगायतका सामानको गुणस्तर परीक्षण गरेको पाइएन । उप-महानगरपालिकाले निर्माण सामाग्रीको गुणस्तर परीक्षण गरेको पाइएन । तसर्थ गुणस्तर परीक्षण गरी गुणस्तर सुनिश्चित गरी निर्माण कार्य अगाडि वढाउनु पर्दछ । | | |
